**निर्वाचन आयोग, नेपाल**
**कान्तिपथ, काठमाडौं**
**विभिन्न किसिमका स्टेशनरी, मसलन्द, विजुलीका सामानहरु तथा बिभिन्न किसिमका टोनर खरिदसम्वन्धी**
**सिलबन्दी दरभाउपत्र आव्हानको सूचना**
(प्रथम पटक प्रकाशित मिति २०७५/९/३)

यस आयोगलाई आ.व. २०७५/०७६ को लागि विभिन्न किसिमका स्टेशनरी मसलन्द, बिजुलीका सामानहरु तथा बिभिन्न किसिमका टोनरहरु आवश्यक भएकोले मूल्य अभिबृद्धि कर, आयकरमा दर्ता भएका ईच्छुक इजाजत प्राप्त आपूर्तिकर्ताहरुबाट देहायका शर्तको अधिनमा रही सिलबन्दी दरभाउपत्र आव्हान गरिन्छ।

**शर्तहरु :**

१. दरभाउपत्र फाराम यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ (पन्ध्र) औं दिनसम्मको कार्यालय समयभित्र (विदा परेमा सोको लगत्तै कार्यालय खुलेको दिन) फर्म दर्ता प्रमाणपत्र, मु.अ.कर दर्ता प्रमाणपत्र, स्थायी लेखा नम्वर दर्ता प्रमाणपत्र, आ.व. २०७४/७५ को कर चुक्ता प्रमाणपत्रको फोटोकपी संलग्न गरी रितपूर्वकको निवेदन दिई रु.१०००/- (एकहजार रुपैयाँ) राजस्व दस्तुर (फिर्ता नहुने गरी) बुझाई आयोगको जिन्सी फाँटबाट प्राप्त गर्न सकिनेछ।

२. सिलबन्दी दरभाउपत्र फाराम प्रथमपटक सूचना प्रकाशित भएको मितिले १६ (सोह्र) औं दिन (विदा परेमा सोको लगत्तै कार्यालय खुलेको दिन) को मध्यान्ह १२:०० बजेसम्म यस आयोगमा बुझाउन सकिनेछ र सोही दिन (१६ औं दिन) दिनको ३:०० बजे यस आयोगमा दरभाउपत्रदाता वा निजका अधिकार प्राप्त प्रतिनिधिको रोहवरमा खोलिनेछ। तर निजहरुको अनुपस्थितिमा पनि दरभाउपत्र खोल्न कुनै बाधा पर्ने छैन।

३. कुनै एक फर्म, कम्पनी वा सस्थाको नाममा खरिद गरिएको सिलबन्दी दरभाउपत्र फाराम अर्को फर्म, कम्पनी वा सस्थाको नामबाट दाखिला गर्न पाइने छैन। आपूर्ति गर्नुपर्ने सामानहरुको नमूना आयोगमा आई हेर्न सकिनेछ।

४. सिलबन्दी दरभाउपत्रसाथ धरौटी बापतको रकम रु. ४०,०००।- (चालिस हजार) निर्वाचन आयोगको कार्यालय कोड नं. २७-२१२-०२, राष्ट्रिय बाणिज्य बैंक, ठमेल शाखामा रहेको कोष तथा लेखा नियन्त्रक कार्यालय, भुक्तानी केन्द्र नं. ३, लैनचौरको खाता नं. ११००२०३ मा नगद जम्मा गरी सोको सक्कल भौचर वा सो रकम बराबरको कम्तीमा ७५ दिन म्याद भएको वाणिज्य बैङ्कले जारी गरेको बैंक ग्यारेण्टी (विड वण्ड) तथा फर्म दर्ता प्रमाणपत्र, मूल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्र, स्थायी लेखा नम्बर दर्ता प्रमाणपत्र र आ.व. २०७४/७५ को कर चुक्ता प्रमाणपत्रको फोटोकपी संलग्न राखी खामबन्दी गरी लाहाछाप लगाई सिलबन्दी गरी पेश गनुपर्नेछ।

५. आपूर्ति गर्नुपर्ने सामानहरुको नाम र आवश्यक परिमाण दरभाउपत्र फाराममा उल्लेख गरिएको छ। दरभाउपत्रदाताले दररेट भर्दा मु.अ.कर वाहेकको दररेट उल्लेख गर्नुपर्नेछ। दरभाउपत्रमा उल्लेखित सबै आइटमको दररेट भर्नुपर्नेछ।

६. दरभाउपत्रमा कवोल गरेको आइटमवाइज दर अङ्क र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्नेछ। अङ्क र अक्षरबीच फरक परेमा अक्षरमा लेखिएको दरलाई मान्यता दिईने छ।

७. सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम रीत नपुगेको तथा सूचनाको शर्तहरुमा उल्लेखित प्रावधान पुरा नगरेको दरभाउपत्र उपर कुनै कारवाही गरिने छैन। दरभाउपत्रमा कुनै शर्त राखी पेश गरेमा आयोगलाई मान्य हुनेछैन

८. सिलवन्दी दरभाउपत्रसाथ खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारवाहीमा आफ्नो स्वार्थ नबाझिएको र सम्वन्धित पेशा वा व्यवसायसम्वन्धी कसूरमा आफूले सजाय नपाएको भनी लिखितरुपमा गरेको स्वघोषणा पत्र पेश गर्नुपर्नेछ।

९. दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने सम्पूर्ण अधिकार आयोगमा सुरक्षित रहनेछ।

१०. दरभाउपत्र स्वीकृत भएमा स्वीकृत हुने दरभाउपत्रदाताले सम्झौता हुनुपूर्व कबोल अङ्कको ५% (पाँच प्रतिशत) नगदै धरौटी वा सो रकम बराबरको आ.व. २०७५/७६ को अवधिभर मान्य हुने बैंक ग्यारेण्टी (परफरमेन्स वण्ड) पेश गर्नु पर्नेछ।

११. दरभाउपत्र स्वीकृत भएको जानकारी पाएको ७ (सात) दिन भित्र सम्झौतापछि आफूले आपूर्ति गर्ने आयोगले तोकेको गुणस्तर अनुसारका सम्पूर्ण सामानहरुको १/१ थान नमूना पेश गरी सम्बन्धित आपूर्तिकर्ता आफै आयोगमा उपस्थित भई सम्झौता गर्नुपर्नेछ। सो समयभित्र सम्झौता गर्न नआएमा निजले जम्मा गरेको धरौटी रकम जफत गरी नियमानुसार अन्य आपूर्तिकर्तासँग सम्झौता गर्न सकिनेछ।

१२. दरभाउपत्र स्वीकृत भएपछि सामान आपूर्ति गर्दा दरभाउपत्रमा उल्लेखित आवश्यक परिमाणमा आयोगको आवश्यकता अनुसार थपघट हुन सक्नेछ। परिमाण थपघट भएमा पनि दरभाउपत्रमा कवोल गरेको दररेटमा नै सामानहरु उपलब्ध गराउनुपर्नेछ।

१३. सम्झौतापछि आपूर्तिकर्ताले आपूर्ति गर्ने सामानहरु अनिवार्य रुपमा आयोगले तोकेको नमूनाअनुसारका साथै गुणस्तरीय हुनुपर्नेछ। कुनै सामान प्रयोग गर्दागर्दै गुणस्तरहिन भएको लागेमा वा ठहर भएमा तुरुन्त नमूना अनुसारको सामान सोधभर्ना गर्नुपर्नेछ अन्यथा सम्झौता रद्द गरी दरभाउपत्रदाताले राखेको धरौटी वा परफरमेन्स बण्ड जफत गरी अन्य प्रक्रियाद्वारा खरिद गर्दा बढि खर्च हुने रकम सरकारी बाँकी सरह असुल उपर गरिनेछ।

१४. स्वीकृत दरभाउपत्रदाताले सम्झौता भएको मितिले २१ (एक्काइस) दिन भित्र सबै प्रकारका सम्पूर्ण सामानहरु आयोगमा बुझाउनुपर्नेछ ।

१५. यस सूचनामा नपरेका अन्य कुराहरु प्रचलित ऐन, नियमानुसार हुनेछन्।

१६. यस सम्बन्धमा अन्य कुरा बुझ्नुपरेमा यस आयोगमा सम्पर्क राखी जानकारी लिन सकिनेछ।

द्रष्टव्य : यो सूचना निर्वाचन आयोगको वेभसाइट www.election.gov.np मा पनि हेर्न सकिनेछ।